आज मिति २०८१।०१।३१ गते सोमवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८०।८१ वैठक सङ्ख्याः २८ समय : विहान ११:०० बजे स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारीः

~~१. श्री यज्ञ कुमार बस्नेत~~

२. श्री अमर कुमार श्रीवास्तव

सहयोगी कर्मचारीः

१. श्री दिलिप कुमार भुजेल

Scanned with CamScanner

**प्रस्तावहरु:**

१. २७औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
४. जडीबुटी उत्पादन, सङ्कलन र प्रशोधन केन्द्र स्थापना सम्बन्धमा।
५. समायोजन पश्चात खाली रहेका विद्यालयहरु व्यवस्थापन सम्बन्धमा।
६. आर्थिक सहायता सम्बन्धमा।
७. गाउँपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा।
८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आएका पत्रहरुको छलफल सम्बन्धमा।
९. लक्षित कार्यक्रम संचालन गर्ने सम्बन्धमा।
१०. आवधिक योजना निर्माण सम्बन्धमा।
११. प्राकृतिक चिकित्सालय स्थापना सम्बन्धमा।
१२. विविध।

**निर्णयहरु:**

१. गत २७औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।
२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।
३. यस भुम्लु गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१/०२/११ गते बिहान १० बजे गर्ने निर्णय गरियो।
४. भुम्लु गाउँपालिका वडा नं.८ स्थित श्री सर्व विजय आधारभूत विद्यालयमा जडीबुटी उत्पादन, सङ्कलन र प्रशोधन केन्द्र स्थापना गर्ने निर्णय गरियो।उक्त स्थानमा घेराबार र स्टीम प्लान्ट उपकरण जडान गर्ने निर्णय गरियो।
५. समायोजन पश्चात खाली रहेका विद्यालयहरुमा रहेको चल-अचल सम्पत्ति वडा कार्यालयमा बरबुझारथ गर्ने र उक्त विद्यालय भवन उपयोग गर्न आवश्यक कार्यविधि निर्माण गरी उक्त कार्यविधि अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।
६. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो।

**यस कार्यपालिका बैठकमा देहाय बमोजिम आर्थिक निर्णय गरियो**

| क्र.सं. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चक्र बहादुर तामाङ | भुम्लु-३ | १००००/- | निजको श्रीमति कान्छी तामाङ क्यान्सर रोगबाट पिडित भएको र आर्थिक अवस्था कमजोर भएको |
| २ | हरि बहादुर तामाङ | भुम्लु-१० | १००००/- | निजको श्रीमति चेली माया तामाङ बिरामी भएको र उपचार गराउ आर्थिक अवस्था कमजोर भएको |
| ३ | दिपेन्द्र परियार | भुम्लु-७ | १००००/- | निज बिरामी भै KMC अस्पतालमा उपचारर्थ रहेको र उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ४ | खेम बहादुर श्रेष्ठ | भुम्लु-१ | १००००/- | निजको छोरा किरण श्रेष्ठ मिति २०८०/११/०३ गते विष सेवन गरी मृत्यु भै पोष्टमार्टम र गाडीभाडामा भएको खर्च |
| ५ | प्रेम बहादुर पहरी | भुम्लु-६ | १००००/- | निजको छोरी सुशिला पहरीले विष सेवन गरेकोले KMC उपचार पश्चात डिस्चार्ज क्रममा मिलन श्रेष्ठलाई जमानतमा राखी डिस्चार्ज भएको र आर्थिक अवस्था कमजोर भएको |
| ६ | भक्त बहादुर दर्जी | भुम्लु-१ | १००००/- | निजको श्रीमति तिलमाया दर्जी बिरामी भै धुलिखेल अस्पतालमा उपचारर्थ रहेको र उपचार गराउन आर्थिक अवस्था कमजोर भए |
| ७ | गोपाल कामी | भुम्लु-५ | १००००/- | निज मिति २०८०/१०/२६ गते रुखबाट खसेर करङ भाँचेको उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ८ | केशरमान लामा | भुम्लु-१० | १०००००/ | निज पत्थरीको शल्यक्रिया गराएको |
| ९ | कुमारी विश्वकर्मा | भुम्लु-५ | ३००००/- | निज मानसिक रोगको बिरामी भएको |

Scanned with CamScanner

७. भुम्लु गाउँपालिका वडा नं.४ का वडा अध्यक्ष/कार्यपालिका सदस्य श्री लोक बहादुर कुँवरलाई यस भुम्लु गाउँपालिकाको प्रवक्ताको जिम्मेवारीमा नियुक्त गर्ने निर्णय गरियो।

८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त भएको सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गरी आवश्यक जानकारी प्राप्त गरियो।

९. लक्षित कार्यक्रम अन्तर्गत तपसिलको वडामा देहाय बमोजिम लक्षित समुदायलाई उद्यम सञ्चालन गर्ने निर्णय गरियो।

- भुम्लु गा.पा. वडा नं.६ पहरी समुदाय
- भुम्लु गा.पा. वडा नं.७ भुजेल समुदाय
- भुम्लु गा.पा. वडा नं.४ दलित समुदाय
- भुम्लु गा.पा. वडा नं.१ महिला समुदाय
- भुम्लु गा.पा. वडा नं.५ आदिवासी/जनजाति समुदाय
- भुम्लु गा.पा. वडा नं.१० माझी समुदाय
- भुम्लु गा.पा. वडा नं.२ बालबालिका
- भुम्लु गाउँपालिकाका सबै जेष्ठ नागरिकहरुलाई (जग/झुल/टर्च/ई-जग/रेडियो) सामाग्री वितरण गर्ने

१०. यस भुम्लु गाउँपालिकाको आ.व.०८०/८१ देखि आ.व.०८४/८५ सम्मको पञ्चवर्षीय आवधिक योजना निर्माण गर्ने निर्णय गरियो।

११. भुम्लु गा.पा. वडा नं.१ स्थित भिमसेनस्थानमा रहेको नयाँ भवनमा प्राकृतिक चिकित्सालय स्थापना गर्ने निर्णय गरियो।

१२. विविध ।

क) पूर्व मेची देखि पश्चिम महाकाली सम्म वृहत् गन्धर्व सांस्कृतिक अभियान कार्यक्रम-२०८१ सञ्चालन गर्न, पूर्वाञ्चल गन्धर्व सांस्कृतिक उत्थान समाज, पथरिया झापालाई रु.६०,०००/- दिने निर्णय गरियो।

ख) भुम्लु गा.पा. वडा नं.१, सापिङ स्थित श्री रिठ्ठे महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडले मिति २०८१/०१/२७ गतेको माग निवेदन अनुसार उक्त संस्थालाई १(एक) थान डेस्कटप कम्प्युटर उपलब्ध गराउने निर्णय गरियो।

ग) नेपाल विद्युत प्राधिकरण, पाँचखाल वितरण केन्द्रबाट मिति २०८१/०१/२१ गते प्राप्त पत्र अनुसार भुम्लु गा.पा. सडक बत्तीको २०८१ वैशाख महिना सम्ममा थप दस्तुर रु.१,४७,०१५/- भुक्तानी दिने निर्णय गरियो।

घ) यस भुम्लु गाउँपालिकाको उपाध्यक्षले योजना तथा कार्यक्रमको सुपरिवेक्षण गरी पेश गरेको प्रतिवेदन सम्बन्धमा जानकारी प्राप्त गरियो।

ङ) भुम्लु गा.पा. वडा नं.१ उर्लेनी स्थित घट्टेखोला उर्लेनि भिमसेनस्थान लिफ्टिङ्ग खानेपानी उपभोक्ता समितिले मिति २०८१/०१/२० गतेको प्राप्त निवेदन अनुसार रु.१,००,०००/- माग गरेकोमा उक्त रकम वडाको वजेटवाट भुक्तानी दिने साथै नपुग भएको रकम पालिकावाट आवश्यक विल भरपाई अनुसार भुक्तानी दिने निर्णय गरियो।

च) ईलाका प्रहरी कार्यालय, कात्तिके देउराली, काभ्रेपलाञ्चोकको च.न.१५३, मिति २०८०/१२/२३ गतेको प्राप्त पत्रानुसार उक्त कार्यालयको गाडी मर्मतका लागि रु.५०,०००/- भुक्तानी दिने निर्णय गरियो।

छ) भुम्लु गा.पा. वडा नं.७ फलाँटे आहलडाँडा स्थित श्री आधारभूत प्राथमिक विद्यालयको मिति २०८०/१२/१२ मा प्राप्त पत्रानुसार २०७७ साल मंसिर १६ गते देखि हालसम्मको घर भाडा रकम भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

ण) भुम्लु गाउँपालिका वडा नं.१० मा ठुलो पधेरो देखि स्वास्थ्य चौकी हुँदै बन्चरे डाँडा सम्म डवल कटिङ र बुढाथोकी डाँडा ठाडो खोला मोटरबाटो निर्माणको कार्यसम्पन्न भई सकेको योजनाको लागि रु.१२,००,०००/- (अक्षरुपी रकम रु. बाह लाख मात्र) आ.व.०८१/८२ मा वडाको सिलिङ बजेटबाट भुक्तानी हुने गरी दायित्व सार्ने निर्णय गरियो।

झ) भुम्लु गा.पा. वडा नं.५ मानेडाँडा घट्टेखोला सडक स्तरोन्नतिको कार्यसम्पन्न भईसकेको योजनाको लागि रु.७,००,०००.०० (अक्षरुपी रकम रु. सात लाख मात्र) आ.व.०८१/८२ मा वडाको सिलिङ बजेटबाट भुक्तानी हुने गरी दायित्व सार्ने निर्णय गरियो।

ञ) भुम्लु गाउँपालिकाको वार्षिक शैक्षिक क्यालेन्डरमा प्रकाशित मिति २०८१/०७/२७ गते हरिबोधनी एकादशी र २०८१/१०/१८ गते सोनाम ल्होछार पर्वको उपलक्ष्यमा गाउँपालिका तथा मातहतको कार्यालयहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो।

ट) भुम्लु गाउँपालिकाको स्थानीय राजपत्र कार्यविधि तथा नियमावली संग्रह खण्ड-३ को "तालिम तथा बैठकमा दिने पारिश्रमिक र भत्ता सम्वन्धी कार्यविधि, २०७६" परिच्छेद-५ १० (२) मा गाउँ शिक्षा समिति र वडा शिक्षा समितिका सदस्यले पाउने बैठक भत्ता रु.५००/- (अक्षरुपी रकम रु. पाँच साय) लाई परिमार्जन गरी रु.१०००/- (अक्षरुपी रकम रु. एक हजार) कायम गर्ने निर्णय गरियो।

ठ) सडक विस्तार गर्ने क्रममा विघुत पोल सार्न विघुत प्राधिकरणसँग साझेदारी गर्न पत्राचार गर्ने निर्णय गरियो।

ड) यस भुम्लु गाउँपालिका अन्तर्गत सबै वडामा विपद् व्यवस्थापन कोषबाट रु.१,००,०००/- का दरले उपलब्ध गराउने र विपद् सम्वन्धी आर्थिक सहायता सोही बजेट भित्र रही वडा विपद् व्यवस्थापन समितिबाट निर्णय गराई भुक्तानीको लागि पेश गर्ने।

ढ) यस गाउँपालिकाको सुनकोशी र इन्द्रावती नदीको किनारमा रहेको बाधा बगर, आमथली र पाटी बगर, डडुवा बगर, काफ्लेका गर्तिला लामपाते, देउपाले बगरको IEE गर्ने निर्णय गरियो।

Scanned with CamScanner